स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद
घ्याङलेख गाउँपालिका
खेलकुद विकास समिति
वागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०८३।०८४
च.नः

हायुटार, सिन्धुली
मितिः२०८३।०६।१२

सूचना

विषयः दोस्रो पालिका स्तरीय (दशैं कप-२०८३)महिला तथा पुरुष फुटबल एवं भलिबल प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना ।

घ्याङलेख गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा नेपालीहरूको महान् चाड विजयादशमीको अवसरमा स्थानीय स्तरमा खेलकुदको विकास, खेलाडीहरूको प्रतिभा पहिचान तथा प्रवर्द्धन, युवाहरूमा खेलकुदप्रतिको आकर्षण अभिवृद्धि तथा आपसी सद्भाव, भाइचारा र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्ने उद्देश्यले दोस्रो पालिकास्तरीय महिला तथा पुरुष फुटबल एवं भलिबल प्रतियोगिता आयोजना गर्न लागिएको हुँदा इच्छुक खेलाडी तथा खेलकुद टोलीहरूलाई सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. प्रतियोगिताको नाम : दोस्रो पालिका स्तरीय खेलकुद प्रतियोगिता(दशैं कप-२०८३) ।
२. सञ्चालन हुने खेलहरू :
क) पुरुष फुटबल
ख) पुरुष भलिबल
ग) महिला फुटबल
घ) महिला भलिबल
३. प्रतियोगिता सञ्चालन हुने मिति : २०८३ साल असोज ३०, ३१ र कार्तिक १ गते ।
४. प्रतियोगिता सञ्चालन स्थल : पालिका खेल मैदान, डुम्री ।
५. टिम दर्ता गर्ने अन्तिम मिति : २०८३ साल असोज २९ गते बेलुका ५:०० बजेसम्म
६. सहभागी हुन पाउने : घ्याङलेख गाउँपालिकाभित्रका सम्बन्धित खेलाडी तथा खेलकुद टोलीहरू।

पुरस्कार विवरण

क) पुरुष फुटबलतर्फ :
प्रथम पुरस्कार : रु.४०,०००।— शिल्ड+मेडल+प्रमाणपत्र
द्वितीय पुरस्कार : रु.३०,०००।— शिल्ड+मेडल+प्रमाणपत्र
तृतीय पुरस्कार : रु.२०,०००।— शिल्ड+मेडल+प्रमाणपत्र

जनक कुमार दंजू
अध्यक्ष

मोबाइल नम्बर : ९८६२६३०९९३
इमेल : ito.ghyanglekhkhelkudbikashsamiti2083@gmail.com

पत्र सङ्ख्या : २०८३।०८४
च.नः

हायुटार, सिन्धुली
मितिः२०८३।०६।१२

ख) पुरुष भलिबलतर्फ :
प्रथम पुरस्कार : रु. ३०,०००।— शिल्ड+मेडल+प्रमाणपत्र
द्वितीय पुरस्कार : रु.२०,०००।— शिल्ड+मेडल+प्रमाणपत्र
तृतीय पुरस्कार : रु.१०,०००।— शिल्ड+मेडल+प्रमाणपत्र

ग) महिला फुटबलतर्फ :
प्रथम पुरस्कार : रु.२५,०००।— शिल्ड+मेडल+प्रमाणपत्र
द्वितीय पुरस्कार : रु.२०,०००।—शिल्ड+मेडल+प्रमाणपत्र
तृतीय पुरस्कार : रु.१५,०००।— शिल्ड+मेडल+प्रमाणपत्र

घ) महिला भलिबलतर्फ :
प्रथम पुरस्कार : रु.२०,०००।— शिल्ड+मेडल+प्रमाणपत्र
द्वितीय पुरस्कार : रु.१५,०००।— शिल्ड+मेडल+प्रमाणपत्र
तृतीय पुरस्कार : रु.१०,०००।— शिल्ड+मेडल+प्रमाणपत्र

प्रतियोगिताका नियम तथा सर्तहरू

१. प्रतियोगिताका सबै खेलहरू नकआउट (Knockout) विधिबाट सञ्चालन गरिनेछ।
२. प्रतियोगितामा घ्याङलेख गाउँपालिकाभित्रका सम्बन्धित खेलाडी तथा टोलीहरूले मात्र सहभागिता जनाउन पाउनेछन्।
३. प्रत्येक टोलीले तोकिएको समयभित्र अनिवार्य रूपमा आफ्नो टोली दर्ता गराइसक्नुपर्नेछ। तोकिएको समयपछि प्राप्त हुने टिम दर्ता स्वीकार गरिने छैन।
४. टीम दर्ता गर्दा सहभागी खेलाडीहरूको अनलाइन वा भौतिक रुपमा नामावली तथा आवश्यक परिचय खुल्ने कागजात पेस गर्नु पर्नेछ।
५. एउटै खेलाडीले एउटै खेल विधामा एकभन्दा बढी टोलीबाट सहभागिता जनाउन पाउने छैन।
६. खेलाडीको परिचय, स्थानीयता वा सहभागिताका सम्बन्धमा विवाद उत्पन्न भएमा सम्बन्धित प्रमाणका आधारमा आयोजक समितिले आवश्यक निर्णय गर्नेछ।
७. खेल सञ्चालनका क्रममा रेफ्री/निर्णायकको निर्णयलाई सम्मान गर्नुपर्नेछ। निर्णयप्रति अनुशासनहीन व्यवहार वा विवाद सिर्जना गर्न पाइने छैन।
८. खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा टोलीका सदस्यहरूले खेलकुदको मर्यादा, अनुशासन र खेल भावना कायम राख्नु पर्नेछ।

उमेश कुमार यादव
अध्यक्ष

मोबाइल नम्बर : ९८६२६३०९९३
इमेल : ito.ghyanglekhkhelkudbikashsamiti2083@gmail.com

स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद

घ्याङलेख गाउँपालिका
खेलकुद विकास समिति
बाग्मती प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०८३।०८४
च.नः

हायुटार, सिन्धुली
मितिः२०८३।०६।१२

९. खेलका क्रममा झै—झगडा, हातपात, अभद्र व्यवहार वा अन्य अनुशासनहीन कार्य गर्ने टोली वा खेलाडीलाई आयोजक समितिले प्रतियोगिताबाट निष्कासन गर्न सक्नेछ।

१०. खेल तालिका, खेल सुरु हुने समय, समूह/ड्र तथा अन्य आवश्यक प्राविधिक व्यवस्था आयोजक समितिले निर्धारण गर्नेछ।

११. मौसम, प्राविधिक कारण वा अन्य विशेष परिस्थितिका कारण खेल तालिका परिवर्तन गर्नुपर्ने भएमा आयोजक समितिको निर्णयअनुसार हुनेछ।

१२. प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टोलीलाई तोकिए बमोजिम नगद पुरस्कारका साथै शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

१३. प्रतियोगिता सम्बन्धी कुनै विषयमा विवाद वा अस्पष्टता उत्पन्न भएमा घ्याङलेख गाउँपालिका खेलकुद विकास समितिको निर्णय अन्तिम हुनेछ।

१४.प्रतियोगितामा सहभागी हुने खेलाडीहरुले अनिवार्य रुपमा डिजिटल प्रोफाइलमा विवरण भरेको हुनु पर्नेछ ।

अनलाइन मार्फत टिम दर्ताको लागि

लिङ्कः https://forms.gle/1rPB9t9eC3vjZT2C6

सम्पूर्ण खेलाडी, खेलकुदप्रेमी तथा सरोकारवालाहरूमा हार्दिक निमन्त्रणा।

"खेलकुद मार्फत स्वास्थ्य, अनुशासन, एकता र भाइचाराको विकास गरौं।
दशौं कप २०८३ लाई भव्य र सभ्य रूपमा सफल बनाऔं।"

थप जानकारीको लागिः९८६२६३०९९३ मा सम्पर्क गर्न सक्नु हुनेछ।

छिरिङ दोर्जे लामा
सदस्य-सचिव

जनक कुमार बज्यू
अध्यक्ष

मोबाइल नम्बर : ९८६२६३०९९३
इमेल : ip.ghyanglekhkhelkudbikashsamiti2083@gmail.com